स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

गणतन्त्र दिवस २०८० भव्यरुपमा मनाऔं । गणतन्त्रका उपलब्धी संस्थागत गरौं । संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



मिस नेपाल वर्ल्ड २०२३ को उपाधि श्रीच्छा प्रधानले जितेकी छन् । गोदावरीस्थित सनराइज सम्मेलन हलमा आयोजित ग्राण्ड फिनालेमा उनले ताज पहिरिइन् । अघिल्लो वर्षकी मिस नेपाल प्रियंकारानी जोशीले उनलाई ताज लगाइदिएकी थिइन् । फिनालेमा प्रसिद्धी शाहले मिस नेपाल इन्टर नेशनल र रैना मजगैयाँले मिस नेपाल अर्थको उपाधि जिते । समारोहमा १२ सहविधाका विजेता समेत घोषणा गरियो । मिस नेपाल विजेता प्रधान काठमाडौंकी स्थायी बासिन्दा हुन् ।

**आजको विचार...**



जनताको... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



अभिनेत्री अदिती बुढाथोकी हिजोआज मुम्बईमै व्यस्त छिन् । म्युजिक भिडियो, मोडलिङदेखि ब्राण्ड इन्डोर्सहरुमा उनको सक्रियता देखिन्छ । अदिती अमेजन प्राइमको संगीत सम्बन्धी वेब सिरिजमा यतिबेला अभिनय गरिरहेकी छन् ।

❐ वर्ष २८ ❐ अंक ३०० ❐ २०८० जेठ १५ गते सोमबार 29 May 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### गणतन्त्र दिवस मनाइँदै

**पाल्पा,** जेठ १४/आज गणतन्त्र दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्षको जेठ १५ लाई गणतन्त्र दिवसको रुपमा मनाउने गरिन्छ ।

राज्यको सम्पूर्ण शक्ति जनतामा निहित हुने गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भ भएको दिन हो गणतन्त्र दिवस । जननिर्वाचित पहिलो संविधान सभाबाट २०६५ जेठ १५ गते निरंकुश राजतन्त्रको विधिवत् अन्त्य गर्दै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भको घोषणा भएको थियो । हजारौँको बलिदान, लाखौं नागरिक सडकमा उत्रिएर ल्याएको गणतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी आज देशभर मनाइँदैछ । विसं २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्रबमोजिम विसं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुन:स्थापना गरे । गणतन्त्र स्थापनाका लागि यही आन्दोलन जगका रूपमा स्थापित भएको हो । मुलुकमा गणतन्त्र आएको १५ वर्ष पूरा भएको छ । तर, जनताको लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र घोषणा हुँदा/गर्दा जुन खालको उत्साह थियो, त्यसपछिको राजनीतिक खिचातानी जनतालाई निरुत्साहित बनाउने किसिमको छ । गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो पक्रन सकेको छैन, जसले गर्दा आम जनताको जीवनशैली बदलिएन । त्यसैकारण पनि जनतामा उतिबेला देखिएको आशा र उत्साह निराशामा बदलिएको हो ।

# गणतन्त्रको विकल्प अन्य व्यवस्था हुन सक्दैन : उपाध्यक्ष पौडेल

## ‘देशलाई आर्थिक संकटबाट बचाउन भने संघीयता खारेज गर्नैपर्छ’

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ १४/राष्ट्रिय जनमोर्चा नेपालकी केन्द्रीय उपाध्यक्ष दुर्गा पौडेलले गणतन्त्रको विकल्प अन्य व्यवस्था हुन नसक्ने बताएकी छन् । राष्ट्रिय जनमोर्चा नेपालले जेठ १ गतेदेखि शुरु गरेको मेचीमहाकाली अभियानको क्रममा टोलीको नेतृत्व गर्दै पाल्पा आएकी उनले देशमा बढ्दै गएको भ्रष्टाचारको कारण जनतामा बढेको वितृष्णाको समयमा मौका छोपी राजतन्त्रवादी शक्तिहरुको गतिविधी सक्रिय भएपनि गणतन्त्रको विकल्पमा अन्य शासन व्यवस्था नहुने बताएकी हुन् ।




‘पञ्चायता तथा राजतन्त्रमा पनि ठूला-ठूला भ्रष्टाचारका काण्डहरु भएका थिए तर जनताको बोल्न पाउने अधिकार कुण्ठित भएकाले बाहिर आएनन्, गणतन्त्रमा बोल्ने, लेख्ने पूर्ण स्वतन्त्र भएका कारण भ्रष्टाचारका काण्डहरु पर्दापास हुँदै गएका छन् त्यसैले गणतन्त्रको विकल्पमा अन्य व्यवस्था हुन सक्दैन’ उनले भनिन् । शासकीय व्यवस्थामा भएका कमीकमजोरीलाई सुधार गर्दै मुलुकको उपलब्धीहरूलाई संस्थागत गर्नुपर्ने उनले बताइन् । गणतन्त्रमा केही कमीकमजोरी भए पनि पछाडी फर्किन नसकिने पौडेलको भनाई थियो । उनले गणतन्त्रमा देखिएको समस्या समाधान हुँदै जाने भएकाले गणतन्त्र र लोकतन्त्रको विकल्प अन्य व्यवस्था हुन नसक्ने जिकिर गरिन् । पौडेलले भनिन, ‘अब पछाडी फर्किने कुरा हुन सक्दैन, गणतन्त्र आएपछि भ्रष्टाचारलगायत विभिन्न विकृति आएको छ, गणतन्त्रभन्दा हिजोकै ठीक भन्ने विचार पनि आउनसक्छ,तर विषय त्यस्तो होइन, गणतन्त्रको विकल्प गणतन्त्रभित्रै सम्भव छ ।’ वर्तमान शासकीय व्यवस्थामा भएका कमी कमजोरीलाई सुधार गर्दै मुख्य उपलब्धिलाई संस्थागत गर्नुको विकल्प नहुने उनको भनाइ छ । फरक प्रसंगमा उपाध्यक्ष पौडेलले संघीयताको कारण देश आर्थिक रुपमा टाट पल्टिदै गएकाले तुरुन्त खारेज गर्नुपर्ने बताइन् । संघीयताको कारण दिनहुँ विकास बजेट घट्दै गएको, चालु खर्च बढ्दै गएको र कर्मचारीहरुलाई समेत तलव खुवाउन सरकारलाई धौ धौ परेकाले संघीयता खारेज गर्नुपर्नेमा उनले जोड दिइन् ।

पौडेलले भनिन् ‘हाम्रो जस्तो सानो देशको लागि संघीयता आवश्यक छैन, अहिले ठूला पार्टीका नेता तथा कार्यकर्ता भर्ती केन्द्रको रुपमा प्रदेश संरचना स्थापित हुँदै गएका छन् ।’ प्रदेश संरचनाको कारण वार्षिक अरवौं रकम भौतिक पूर्वाधार निर्माणदेखी मन्त्री, कर्मचारीहरुको तलव व्यवस्थापनमा खर्च हुँदै आएको उनले बताइन् । संघीयता हटाउन जति ढिलो भए देश आर्थिक रुपमा टाट पल्टिदै जाने उनले बताइन् । पौडेलले भनिन् ‘देशमा अमेरीकी साम्राज्यवादको हस्तक्षेप बढ्दै गएको छ, अझ पछिल्लो समयम त नेपालमा राजनीतिक दल नै खोलेर अमेरीकाले खुलेआम राज्य सञ्चालनमा समेत हस्तक्षेप बढाउदै लगेको छ, यसका विरुद्ध पार्टी सशक्त रुपमा लाग्ने छ ।’ एमसीसि परियोजनामार्फत देशमा अमेरीकी हस्तक्षेप बढ्दै गएको अवस्थामा मंसिरमा भएको निर्वाचन र बैशाखमा भएको उपनिर्वाचनमा अमेरीकाले राष्ट्रिय स्वतन्त्र पार्टीको खुलेआम प्रचार-प्रसार गरेको, पोप तथा पादरीहरुले खुला रुपमै प्रचार-प्रसारदेखी आर्थिक रुपमा सहयोग गरेको उपाध्यक्ष पौडेलले आरोप लगाईन् । राष्ट्रिय स्वतन्त्र पार्टी माथी अमेरीकाले गरेको लगानी र सहयोगको विषयमा राष्ट्रिय जनमोर्चा नेपाल जनसुकै समय र अवस्थामा राजनीतिक बहस गर्न तयार रहेको उनले बताइन् ।

केन्द्रमा विषयवस्तुमा आधारित रहेर सत्तागठबन्धनमा रहे पनि जनमोर्चाले जनहित विपरितका कार्यहरुमा आफ्नो स्वतन्त्र तरीकाले काम गर्दै आएको पौडेलले बताइन् । बाग्लुङबाट शुरु भएको पुर्वतर्फको अभियान जेठ १५ गते काठमाडौमा समापन हुने छ । महेन्द्रनगरबाट शुरु भएको पश्चिमतर्फको अभियान जेठ १५ गते नै बुटवलमा समापन हुने राष्ट्रिय जनमोर्चाले जनाएको छ । जिल्ला अध्यक्ष विशाल दर्लामीको अध्यक्षतामा भएको कार्यक्रमको अखिल छैठोका सुदिप पौडेलले सञ्चालन गरेका थिए ।


## गणतन्त्र दिवस, २०८०
## भव्यरुपमा मनाऔं

गणतन्त्र दिवस (जेठ १५ गते) को अवसर मा विभिन्न कार्यक्रमको आयोजना गरौं ।

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।

संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## जेठ १२ देखि भनिएको ‘पाल्पा गोल्ड कप’ फुटबल आजदेखि

**पाल्पा,** जेठ १४/जेठ १२ गतेदेखि सञ्चालन हुने भनिएको कर्णेल उजीरसिंह ‘पाल्पा गोल्ड कप’ फुटबल प्रतियोगिता आजदेखि हुने भएको छ । पाल्पा फुटबल संघले जेठ १ गते पत्रकार सम्मेलन गरी १२ देखि हुने भनिएको फुटबल प्रतियोगिता (आज) सोमबारदेखि गर्न लागेको हो । तयारी नपुगेका कारण खेल केही दिन ढिला गरी सञ्चालन गर्न लागिएको संघले जनाएको छ ।



प्रतियोगिताको उद्घाटन खेलमा पाल्पा ११ र रुपन्देहीको लिस्नु क्लब बीच पहिलो खेल हुनेछ । आयोजक पाल्पा फुटबल संघले गरेको लक्की ‘ड्र’ अनुसार प्रतियोगिताको उद्घाटन खेलमा समूह ‘ए’ अन्तर्गत पाल्पा र रुपन्देही भिड्ने पक्का भएको हो । तानसेनको टुँडिखेलमा एक कार्यक्रमका बीच आज दिउँसो साढे २ बजे प्रतियोगिताको औपचारिक उद्घाटन हुनेछ । प्रतियोगितामा सहभागी १२ टिमलाई दुई समूहमा विभाजन गरिएको छ । समूह ‘ए’ मा पाल्पा ११ र लिस्नु क्लबका साथै फोर ब्रदर्श नवलपरासी (पश्चिम), रोडस् रामपुर फुटबल क्लव चितवन, गार्डेन फुटबल क्लव पोखरा, बीर गोर्खाली लखनउ भारत रहेका छन् ।

यस्तै समूह ‘बी’ मा रुपन्देही ११, २८ विघा युथ क्लब नवलपरासी (पूर्व), होराइजन फुटबल क्लब स्याङ्जा वालिङ, स्वयम्भु युथ क्लब काठमाडौं, विष्णुपादुका युथ क्लब पोखरा, दि फेमश महिन्द्र दल गण पाल्पा रहेका छन् । समूह ‘ए’ बाट रोड्स रामपुर चितवन र गार्डेन पोखराबीच भएको खेलमा जित्नेले बीर गोर्खाली भारतसंग प्रतिस्पर्धा गर्नुपर्नेछ । यस्तै पाल्पा ११ र लिस्नुबीच भएको खेलमा बिजेताले फोर ब्रदर्श नवलपुर (पश्चिम)सँग प्रतिस्पर्धा हुनेछ । समूह ‘बी’ मा पर्ने रुपन्देही ११ र २८ बिघा नवलपरासी (पूर्व) बीचको खेलमा जित्नेले स्याङ्जाको होराइजनसँग प्रतिस्पर्धा गर्नेछ । स्वयम्भु काठमाडौ र बिष्णुपादुका पोखराबीचको बिजेताले दि फेमस महिन्द्रदल गणसंघ खेल्नेछ । ११ खेल हुने प्रतियोगितामा दैनिक एक मात्र खेल हुनेछ । दिउँसो साढे ३ बजेदेखि खेल सुरु हुने छ भने जेठ २७ गते शनिबार फाइनल खेल हुनेछ । प्रतियोगितामा प्रथम हुनेले नगद ३ लाख, दोस्रो हुने टिमले नगद १ लाख ५० हजार, पाल्पाली करुवा ट्रफी, मेडल र प्रमाणपत्र पाउने पाल्पा जिल्ला फुटबल संघका अध्यक्ष प्रणय विरजंग राणाले जानकारी दिए । प्रतियोगितामा प्रत्येक दिनको म्यान अफ दि म्याचलाई नगद ३ हजार दिइने छ भने उत्कृष्ट गोल रक्षक, डिफेण्डर, सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्तालाई नगद ६ हजार प्रदान गरिनेछ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## गणतन्त्र दिवसको औचित्य

मुलुकमा गणतन्त्र आएको १५ वर्ष पूरा भएको छ । हरेक वर्ष जेठ १५ लाई गणतन्त्र दिवसको रुपमा मनाइन्छ । आज पनि देशभर १६ औं गणतन्त्र दिवस मनाइँदै छ । प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र जे भनौ जनता आफैले आफ्नै लागि गर्ने शासन पद्धति हो यो । नेपालको राजनीतिक इतिहासमा एउटा युगान्तकारी र ऐतिहासिक दिन पनि हो यो । आजैको दिन नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट २४० वर्षे जहानिया शासनको अन्त्य गर्दै जनताको जीत भएको थियो । तर, १५ जेठको यो चरणमा नेपाली राजनीति आइपुग्नुमा २००७ सालपछि पटक-पटक भएका राजनीतिक संघर्षहरूको देन पनि उत्तिकै छ । ००७, ०३६, ०४६, १० वर्षे माओवादी विद्रोह अनि ०६२/६३ को ऐतिहासिक राजनीतिक आन्दोलनहरूको एकमुष्ठ उपलब्धिका रूपमा मुलुकमा गणतन्त्र आएको हो ।

पटक-पटक राजनीतिक आन्दोलनबाट उपलब्धि हासिल गर्ने र चुक्ने नेपाली राजनीतिक नेतृत्वलाई पछिल्लो आन्दोलनले पुनः एउटा अभूतपूर्व मौका दिएको थियो । तर, त्यो अवसरको पूर्णरूपमा उपयोग गर्न नसक्दा आज पनि गणतन्त्र संस्थागत भइसकेको छैन । जनस्तरमा महशुस हुने गरी गणतन्त्र फस्टाउन सकेको छैन । गणतन्त्र दिवस मनाउनु राम्रो कुरा हो । तर, गणतन्त्रलाई जनताको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अनुवाद गर्ने कुरा चानचुने छैन । लोकतान्त्रिक गणतन्त्रका १५ वर्ष बितिसकेका छन् । तर, परिवर्तनको अनुभूति जनताले गर्न पाएका छैनन् । गणतन्त्र दिवस मनाउँदैमा गणतान्त्रिक मन र मस्तिष्क हुँदैन, गणतान्त्रिक आदर्श हुन सक्दैन । आचरण र व्यवहार गणतान्त्रिक हुनुपर्छ । तर त्यसो हुन सकिरहेको छैन । एक हिसाबले भन्ने हो भने गणतन्त्रले आम जनताको जीवनस्तरमा बदलाव ल्याएन, बरु सीमित शासकीय वर्गले मात्रै त्यसको फाइदा उठाए । समाजको तल्लो तहले गणतन्त्रबाट अपेक्षित फाइदा लिनुपर्नेमा हुने-खाने वर्गमा मात्रै सीमित हुनु दुर्भाग्यपूर्ण अवस्था हो । जबसम्म जनस्तरमा परिवर्तनको अनुभूति हुन सक्दैन, तबसम्म गणतन्त्र दिवस मनाउनुको कुनै औचित्य हुँदैन ।

### Opinion @ Social Network

सबैको आफ्नो समय हुन्छ, दिन सुर्यको हो भने रात जुनको हो
आज तिम्रो होला भोलि मेरो हुनेछ !

(प्रकाश ज्ञवालीको फेसबुक स्टाटसबाट https://www.facebook.com/prakash.gyawali.3110)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनताको पक्षमा बजेट आओस्



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

> फ्रेन्च भाषाको bougett शब्दबाट Bouget शब्दको विकास भएको हो । विश्वमा पहिलो पटक बजेट प्रणालीको सुरुवात सन् १७३३ मा बेलायती अर्थमन्त्री बालपोलले शुरु गरेका थिए भने पछिल्लो समय हरेक देशहरुले यसैका माध्मद्वारा देश भित्रका हरेक क्षेत्रका जनतालाई राज्यको स्रोत र साधनको बाँडफाड गर्ने गरेको पाईन्छ । नेपालमा यसको इतिहासलाई हेर्दा राणा शासनको अन्त्य र प्रजातन्त्रको प्राप्तिसगै वि.स. २००८ माघ २१ गतेदेखि औपचारीक रुपमा बजेटको सुरुवात भएको हो । प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको पालामा तत्कालीन अर्थमन्त्री सूवर्ण समशेरले पहिलो पटक संसद समक्ष ५ करोड २५ लाख २९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका थिए भने वर्तमान समयमा सार्वजनिक खर्चमा दिन प्रति दिन आकार बढ्दै गएको कारण पछिल्ला वर्षहरुमा बजेटको आकार पनि बढ्दै गइरहेको देखिन्छ ।

जेठ महिना अर्थसँग सम्बन्धित पक्षहरुका लागि अलि बढी चासोको महिना हो । पछिल्लो समय यो महिना अर्थजगतका लागि मात्रै नभएर सर्वसाधरण जनताका लागि पनि उतिकै महत्व रहेको छ । यति मात्रै कहाँ हो ? राजनीतिक नेतृत्व, मन्त्री सांसद तथा कार्यकर्ता आफ्ना केहि योजना तथा कार्यक्रम बजेटमा समावेशका लागि दौडधुप गर्ने महिना पनि हो । आम नागरिकको एक वर्षको दिशा निर्देश गर्ने महिनाको रुपमा पनि यसैलाई लिने गरिन्छ । महत्व पनि किन नहोस् आज जेष्ठ १५ गते केन्द्र सरकारले बजेट घोषणा गर्ने दिन । संविधानमै जेष्ठ १५ अर्थात् आजको दिनलाई संघस्य सरकारको बजेट घोषणा गर्ने दिनका रुपमा तय गरेकाले गणतन्त्र पछि यस दिनलाई गणतन्त्र दिवसका रुपमा मात्रै नभएर बजेट घोषणाको दिनको रुपमा बढी प्राथमिकता दिएको देखिन्छ । देशको वास्तविक अवस्था, जनताको दैनिक जीवनस्तरमा परिवर्तन तथा बिग्रदो अर्थतन्त्रलाई सुधार गर्ने पक्षलाई ध्यान दिएर आज घोषणा हुने बजेट आउन पर्नेमा जन चासो देखिन्छ । बढ्दै गरेका जनताका आवश्यकता र अभावलाई टालटुल पार्न विगतमा जस्तो वितरण मुखी, सस्तो लोकप्रीयतामा केन्द्रीत बजेट आज नआओस् निरन्तरताको क्रमभंग गरेर आजको बजेट आओस् । बजेटसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

सरकारको राजनीतिक, आर्थिक तथा सामाजिक घोषणा पत्रको रुपमा रहेको बजेट विशेषत एक आर्थिक बर्षका लागि सरकारको आयव्यय सहितको कार्यक्रमहरुको पूर्ण विवरणको रुपमा रहने गर्दछ । फ्रेन्च भाषाको bougett शब्दबाट Bouget शब्दको विकास भएको हो । विश्वमा पहिलो पटक बजेट प्रणालीको सुरुवात सन् १७३३ मा बेलायती अर्थमन्त्री बालपोलले शुरु गरेका थिए भने पछिल्लो समय हरेक देशहरुले यसैका माध्मद्वारा देश भित्रका हरेक क्षेत्रका जनतालाई राज्यको स्रोत र साधनको बाँडफाड गर्ने गरेको पाईन्छ । नेपालमा यसको इतिहासलाई हेर्दा राणा शासनको अन्त्य र प्रजातन्त्रको प्राप्तिसंगै वि.स. २००८ माघ २१ गतेदेखि औपचारीक रुपमा बजेटको सुरुवात भएको हो । प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको पालामा तत्कालीन अर्थमन्त्री सूवर्ण समशेरले पहिलो पटक संसद समक्ष ५ करोड २५ लाख २९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका थिए भने वर्तमान समयमा सार्वजनिक खर्चमा दिन प्रति दिन आकार बढ्दै गएको कारण पछिल्ला वर्षहरुमा बजेटको आकार पनि बढ्दै गइरहेको देखिन्छ । गणतन्त्रपछि तीन तहका सरकारको परिकल्पनासँगै केन्द्रमा मात्रै निमार्ण हुने बजेट प्रदेश हुँदै स्थानीय तहसम्म पुगेको देखिन्छ । संविधानमै केन्द्र सरकारले जेष्ठ १५ गते, प्रदेशले अषाढ १ र स्थानीय तहले अषाढ १० गते बजेट प्रस्तु गर्ने प्रावधान नै राखिएकाले आज भोलि तीन तहका सरकारहरु यसैमा केन्द्रीत रहेको देखिन्छ । संघीयताको पूर्ण कार्यान्वयन नभएर हो की ? संघले दिएको सिलीङमा रहेर बजेट निमार्ण गर्नु पर्ने बाध्यताको कारण हो की ? संघीय सरकारले प्रस्तुत गर्ने बजेटमा जुन चासो र जिज्ञासा जनतामा देखिन्छ प्रदेश र स्थानीय तहहरुले बनाउने बजेटमा त्यो चासोमा भने कमि देखिन्छ ।

पछिल्लो समय नेपालको अर्थतन्त्र सहज स्थितीमा देखिदैन । असहज अर्थतन्त्रकाबिच आउने बजेटबाट ठूलो अपेक्षा पनि राख्नु हुँदैन । राजनीतिक नेतृत्व र सरकार सञ्चालकले अर्थतन्त्र डराउनै पर्ने अवस्थामा नरहेको भनाई व्यक्त गरेता पनि अर्थतन्त्रका सुंचकहरुको विश्लेषण गर्दा सन्तोष नै मान्नु पर्ने अवस्था भने देखिदैन । यसका साथै राजश्व लक्ष्य अनुशार संकलन हुन सकेको छैन भने आम्दानी भन्दा खर्चको अन्तर फराकिलो देखिन्छ । यस्तो अर्थतन्त्रबिच आउन लागेको बजेट अर्थतन्त्र सुधार, आम्दानीका थप स्रोतहरुको खोजीमा आउनु पर्ने अनिवार्यता देखिन्छ । गत वर्ष भन्दा घटेर बजेट आउने भनाईहरु व्यक्त भईरहेको अवस्थामा बजेटमा आउने कार्यक्रमहरु विशेषत जनताको जीवनस्तर र दैनीकीमा असर पर्ने गरी कटौती हुनु हुँदैन । त्यसको बदलामा थप कार्यक्रम र योजना थपिनु जरुरी देखिन्छ ।

**बजेटमा समावेश गर्दा ध्यानदिनु पर्ने पक्षहरु :**

- तीन तहका सरकारबिच कार्यक्रमहरु दोहरिने गरी नभै आवश्यक समन्वय र सहकार्यमा ल्याउनु पर्ने
- प्राकृतिक स्रोत र साधनको प्रयोगका लागि प्याकेजमै कार्यक्रम घोषणा गर्नु पर्ने ।
- औद्योगिकरणका लागि विशेष कार्यक्रम राख्नुपर्ने ।
- युवा शक्ति विदेश पलायन हुने अवस्थालाई रोकी देश भित्रै रोजगारीका अवसरहरु थप्नु पर्ने ।
- हरेक नागरिकलाई शुद्ध पिउने पानीको व्यवस्थाको ग्यारेन्टी गर्नु पर्ने ।
- बढ्दो आयातको अंश घटाउने कार्यक्रम ल्याउनु पर्ने ।
- आत्मनिर्भर अर्थतन्त्र निमार्णमा केन्द्रीत हुनुपर्ने ।
- डोजरे विकास अन्त्य गरी श्रमदानमा केन्द्रीत हुनुपर्ने ।
- विकासको गुणस्तरको मूल्यांकन र अनुगमनमा विशेष ध्यान दिनुपर्ने ।
- कागजी झन्झटिलो प्रक्रियाको अन्त्यमा ध्यान दिनुपर्ने ।
- मूल्यस्तर र मुद्रास्फिती बढ्ने कुरामा ध्यान दिनुपर्ने ।
- ठूला कुरा हैन देशको धरातलमा केन्द्रीत रहेर ल्याउनुपर्ने ।
- वैदेशीक ऋण, अनुदानको अशं बढी हुन नहुने ।
- आधारभुत आवश्यकता र आधारभुत पूर्वाधार निमार्णमा जोड ।
- बजेटमा उल्लेख भएका उद्देश्य, लक्ष्य प्राप्तीमा केन्द्रीत हुनुपर्ने ।
- जनआकाक्षा र जनभावनामा केन्द्रीत हुनुपर्ने ।
- काम अनुसारको भुक्तानी पाउने कुराको ग्यारेन्टी हुनुपर्ने ।
- आधारभुत आवरश्यकताका वस्तुहरुमा करको दर घटेर आउनुपर्ने ।
- विकास बजेटमा नागरिक अनुगमनको व्यवस्था थपिनु पर्ने ।
- समानुपातिक बजेट बाँडफाडमा केन्द्रीत हुनुपर्ने ।

विशेष गरेर गणतन्त्र स्थापना पछि बनेका सरकारले ल्याउने गरेका वजेटहरुको विश्लेषण गर्दा बढी मात्रामा तत्काल मनै लोभ्याउने र वाह वाह भन्ने खालका कार्यक्रमलाई समावेश गरेर ल्याउने गरेको पाईन्छ । मतदातालाई प्रभाव पार्ने सामाजिक सुरक्षा लगायतका कार्यक्रममा यो बढी केन्द्रीत भएको देखिन्छ । घाटा बजेटलाई बजेट निमार्णमा उपयुक्त सिद्धान्त मानिन्छ तर यसैलाई टेकेर नेपालमा बन्ने बजेट जनताको जीवनस्तर सुधारमा भन्दा पनि अनुत्पादक खर्च बढाउनेतर्फ केन्द्रीत भएको देखिन्छ । यो पटकको बजेटमा यस पक्षमा नियन्त्रण गरेर आउनु पर्दछ । वि.सं. २००८ सालदेखि नेपालमा घोषणा भएका बजेट विशेषत गरीवी निवारण, रोजगारी सिर्जना र आमजनताको जीवनस्तर सुधार ल्याउने कुरामा केन्द्रीत रहेता पनि अपेक्षीत परिणाम भने प्राप्त हुन आजसम्म सकेको देखिदैन् । यो हुनुको कारणको खोजी नगरी विगतलाई नै निरन्तरता दिदा खर्च अनुसारको उपलब्धी हाशिल हुन सकेको देखिदैन । यस पक्षलाई यस पटक ध्यान दिनु जरुरी देखिन्छ । आज आउने बजेट सैद्धान्तिक भन्दा पनि व्यवहारिक र कार्यान्वयन पक्षमा जोड दिएर आउनु जरुरी रहेको छ ।

सरकारमा रहेका राजनीतिक दल र तीनका कार्यकर्तालाई प्रत्यक्ष प्रभाव पार्ने योजना तथा कार्यक्रमहरु बजेटमा समावेश हुनुहुँदैन । राज्य तथा अर्थतन्त्रलाई दिर्घकालीन असर पार्ने कार्यक्रम बजेटमा राखिनु हुँदैन । सस्तो लोकप्रीयतालाई बढावा दिने गरी विगतमा ल्याईने बजेटले यो वर्ष निरन्तरता पाउनु हुँदैन । योजनाविद्व, विज्ञ, अर्थशास्त्रीसँग सल्लाह र सुझाव लिने तर बजेट निमार्णमा लत्याउने प्रवृत्तिले यो पटक निरन्तरता पाउनु हुँदैन । हामी हुँदा अर्थतन्त्रको अवस्थालाई ध्यान नै नदिई बजेटमा योजना तथा कार्यक्रम थप्दै र बजेटको आकार बढाउँदै लैजाऊ । पछि आउने सरकारले जे गरोस् गरोस् भन्ने भावनाले प्रेरित भएर विगतमा जस्तो हैन दिगो विकासको पक्षलाई आत्मसाथ गर्दै यो पटकको बजेट आउनु पर्दछ । आवश्यकता र पहिचानका आधारमा कार्यक्रम तय गरेको हुनुपर्दछ । यस भन्दा बढी जनताको जीवनस्तर, आर्थिक वृद्धि, रोजगारी सिर्जना, प्राकृतिक स्रोत साधनको प्रयोगमा जोड दिदै आमजनताको दैनिकी सहज हुने गरी बजेट आओस् यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९८५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम वा रोजगार पाईनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **तुला** : शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ । भाग्यले अवसर जुराउनेछ । |
| **वृष** : लेनदेनमा सजकता अपनाउनु पर्नेछ । अधिक धन खर्च हुनेछ । | **वृश्चिक** : व्यापार व्यसायबाट लाभ मिल्नेछ। विश्वास गरेकाले साथ दिनेछन्। |
| **मिथुन** : शुभ समाचार सुन्न पाइएला । दाम्पत्य जीवन सुखमय रहनेछ । | **धनु** : कार्यमा सफलता पाईनेछ । नयाँ व्यक्ति संग भेटघाट हुनेछ । |
| **कर्कट** : आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । भूमिबाट लाभ रहला । | **मकर** : कमजोर भएको अनुभूति हुनेछ । संयम रहनु होला । |
| **सिंह** : वित्तिय संस्थाबाट सहयोग पाईनेछ । मिष्ठान्न भोजन प्राप्ति होला । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । |
| **कन्या** : श्रमको उचित मूल्याङ्कन हुनेछ । पठनपाठनमा प्रगती हुनेछ । | **मीन** : नयाँ सवारी साधन प्राप्तिको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । |

# शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह मनाइदैं




शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह मनाउने भएको छ । शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह डिकोलोजाइसेन एजुकेशन फाईनान्सिङ नाउ भन्ने मुल नाराका जेठ १५ गतेदेखि १९ गतेसम्म मनाउन लागिएको हो ।

यो कार्यसप्ताह नेपालसहित विश्वभरका १५० भन्दा बढी देशमा मनाउन लागिएको हो । शिक्षाका लागि राष्ट्रिय अभियान (एनसीईई नेपाल) का अध्यक्ष राजेन्द्र पहाडीले शिक्षा क्षेत्रका विभिन्न मागहरूलाई सम्बोधन गराउने उद्देश्यले कार्यसप्ताह आयोजना गर्न लागिएको बताए । कार्यसप्ताहका विषयमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष पहाडीले कार्यसप्ताहमा विभिन्न कार्यक्रम गर्न लागिएको बताए । शिक्षा क्षेत्रको विकासका लागि शिक्षाको बजेटमा २० प्रतिशत बजेट छुट्टाउनुपर्ने बताए । सार्वजनिक शिक्षा प्रणालीको सुधारका लागि विभिन्न मागहरू अघि सारिएको छ । त्यसका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता र संवैधानिक दायित्व पूरा गर्ने, समतामूलक समाज निर्माण गर्ने, भौतिक पूर्वाधार सुधार्ने, प्राविधिक शिक्षामा जोड दिने लगायतमा विषय रहेका छन् । कार्यसप्ताह अन्तर्गत केन्द्र र प्रदेश तथा स्थानीय तह गरेर विभिन्न कार्यक्रम गर्न लागिएको अध्यक्ष पहाडीले बताए । सैंीय शिक्षा ऐन तत्काल जारी गर्न दबाब सिर्जना गर्न विभिन्न सरोकारवालाहरूबाट कम्तीमा ५० हजार हस्ताक्षर संकलन र हस्तान्तरण गर्ने कार्यक्रम छ । त्यस्तै शिक्षामा लगानी वृद्धि गर्ने पर्याप्त आधारसहित सैंीय, प्रादेशिक तथा स्थानीय तहका विभिन्न सरकारका निकायलाई ज्ञापनपत्र हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ ।

*-रातोपाटी डटकम*

# दरबार हाइस्कुलमा शनिबार पनि पठनपाठन




ऐतिहासिक धरोहर मानिने दरबार हाइस्कुल (भानु माध्यमिक विद्यालय) मा शिक्षामा सीप कार्यक्रम सञ्चालन भएसँगै शनिबार पनि पठनपाठन गर्न थालिएको छ । विद्यालयमा शिक्षामा सीप कार्यक्रम अन्तर्गत सौन्दर्य कला, बिजुली जडान तथा मर्मत कार्यक्रमलाई छनोट गरिएको छ । उक्त कार्यक्रम शुक्रबार मात्रै गर्ने भनिए पनि समय अपुग भएपछि शनिबार पनि अतिरिक्त क्रियाकलाप अन्तर्गत शिक्षामा सीप कार्यक्रम पठनपाठन गरिएको विद्यालयका प्रधानाध्यापक शारदा पौडेलले जानकारी दिए ।

ऐतिहासिक धरोहर दरबार हाइस्कुललगायत महानगरका सबै सामुदायिक विद्यालयमा यही शैक्षिक सत्रदेखि माध्यमिक तह कक्षा ९ देखि १२ सम्म थालनी गरेको शिक्षामा सीप कार्यक्रम लागू गरेको छ । पाठ्यपुस्तकबाट प्राप्त हुने सैद्धान्तिक ज्ञानसँगै जीवन उपयोगी, सीपमूलक तथा व्यावहारिक शिक्षा प्रदान गर्ने उद्देश्यसहित कामपाले गत वैशाख १२ गतेदेखि उक्त कार्यक्रम लागू गरेको हो । विद्यालय तह पूरा गर्दा कम्तीमा एउटा प्राविधिक क्षेत्रमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने महानगरको उद्देश्य हो । उक्त कार्यक्रम अन्तर्गत ९० घन्टे कार्यक्रमका लागि कृषि तथा सहरी खेती, सौन्दर्य कला र कपाल शैली, काष्ठकला नङ कुँदेर बेलबुट्टा भर्ने काम, पाक कला लगायत १० क्षेत्र निर्धारण गरिएका छन् । त्यसैगरी, फेसन डिजाइन र कपडा सिकाइ, घरमा तार र बिजुली जडान वायरिङ एन्ड इलेक्ट्रिकल, विपद् पूर्वतयारीका लागि भवन निर्माणको रैथाने परम्परागत कला, मोबाइल र विद्युतीय सामान, पाइप जडान तथा मर्मत, कला र मूर्तिकला विधालाई पाठ्यक्रममा समावेश गरिएको छ । अहिले महानगरमा ८९ सामुदायिक विद्यालय छन् । त्यसमा ५९ मावि र ३० प्राथमिक विद्यालय छन् । त्यसैगरी, पाँच सय ४० निजी विद्यालयमा एक लाख ५० हजार विद्यार्थी अध्ययनरत छन् । कामपाले यसै शैक्षिक सत्रदेखि बुक फ्री फ्राइडे कार्यक्रम पनि सुरु गरेको छ । उक्त कार्यक्रम अन्तर्गत शुक्रबार विद्यार्थीले किताब बोकेर विद्यालय जानुपर्ने छैन भने अतिरिक्त क्रियाकलाप गरेर घर फर्कन्छन् । बुक फ्री फ्राईडे कार्यक्रम कामपाको सबै सामुदायिक विद्यालयको सञ्चालन भइरहेको छ ।

**विद्यार्थीको चाप अत्यधिक**

कुनै समय विद्यार्थीको अभावमा जेनतेन सञ्चालित यस ऐतिहासिक विद्यालयमा नवनिर्मित भवन, सफा खाजा घर तथा थोरै लगानीमा अंग्रेजी माध्ययममा पढाइ हुने हुँदा अहिले करिब ६ सय ५० विद्यार्थीले पठनपाठन गर्ने गरेका छन् । अघिल्लो वर्षसम्म पनि करिब पाँच सय विद्यार्थी यहाँ अध्ययन गर्थे । चालु शैक्षिक सत्रमा मात्र एक हजार पाँच सय विद्यार्थी भर्नाका लागि आएका थिए, स्थान अभावका कारण सबैलाई समावेश गर्न नसकिएको विद्यालयको भनाइ छ । विद्यालयको भौतिक संरचनाका कारण आएका सबै विद्यार्थीलाई भर्ना गर्न सक्ने अवस्था रहेन भने एक हजार पाँच सय विद्यार्थीलाई त स्थान अभावको कारण फिर्ता पठाउन परेका विद्यालय परिवारले जनाएको छ । कुनै कक्षामा पनि विद्यार्थीको कमी छैन । विद्यार्थीको संख्या बढिरहेकाले ३६ सिट क्षमता भएको एउटा कक्षामा हामीले ४९ जनासम्म राखेर पढाइरेहका छौं", प्रधानाध्यापक पौडेलले भने । कक्षा ९ र ६ मा अत्यधिक विद्यार्थी रहेका छन । कक्षा ९ मा एक सयभन्दा बढी विद्यार्थी रहेका छन् जहाँ तीनवटा कक्षा विभाजन गरेर पठनपाठन भइरहेको छ । एसइई सामुदायिक विद्यालयबाट गरेपछि उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति पाउने आशाले पनि पछिल्लो समय सामुदायिक विद्यालयमा विद्यार्थीहरु भीड हुने गरेका छ । ऐतिहासिक र पुरानो विद्यालय भएकाले सुरुको समयमा सम्पन्न परिवारका छोराछोरीले मात्र अध्ययन गर्ने गरेका थिए । कुनै समय श्रमिकका छोराछोरीमात्र पढ्ने गरेको यस विद्यालयमा अहिले सरकारी कर्मचारी तथा स्थानीयवासीका छोराछोरीको आकर्षण बढी छ ।

आठ वर्षअघिको भूकम्पपछि पुरानै स्वरूपमा पुनर्निर्माण गरिएको उक्त स्कुलको हाताभित्र हाल भानु माध्यमिक र संस्कृत मावि सञ्चालित छन् । नौ रोपनी जमिनमा निर्माण गरिएको चारतले सो विद्यालय भवनमा ४० कक्षा कोठा छन् । भूकम्पपछि चीन सरकारको पूर्ण सहयोगमा चिनियाँ कम्पनी सौाई कन्स्ट्रक्सनले उक्त विद्यालय भवन निर्माण गरेको हो । भूकम्पपछि उक्त स्कुल पुनर्निर्माणको शिलान्यास २०७५ साउन १८ गते गरिएको थियो । विसं २०७७ कात्तिक ५ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले रानीपोखरी पुनर्निर्माणसँगै सो विद्यालय भवन उद्घाटन गरेका हुन् । *-रासस*

# विद्यार्थी राजनीतिको सञ्जीवनी बन्न सक्छ भ्रष्टाचार विरोधी अभियान

**साजन तामाङ**

विद्यार्थी राजनीतिलाई प्राज्ञिक, शैक्षिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, भूराजनीतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दाको पक्षमा आवाज उठाउने माध्यम मानिन्छ । यसै कोणबाट विद्यार्थी राजनीतिलाई अवलोकन गरिएमा मात्रै विद्यार्थी राजनीतिको पूर्ण स्वरूपबारे मेसो पाउन सकिन्छ । विद्यार्थी राजनीतिलाई केवल विश्वविद्यालयका मुद्दामा मात्र सीमित राखिए त्यो सही अर्थमा विद्यार्थी राजनीति हुन सक्दैन । विद्यार्थी राजनीति र आधुनिक समाजलाई 'मैले सोच्ने भएर नै मेरो अस्तित्व छ' वा 'मेरो अस्तित्व भएर नै मैले सोच्छु' को बहसका आधारमा हेर्ने हो भने एउटा स्पष्ट नतिजामा पुग्न सकिन्छ । भलै माथिका भनाइमा दार्शनिक पृष्ठभूमि फरक भएसँगै निष्कर्ष पनि फरकै निस्केला । तर 'विद्यार्थी राजनीति छ त, समाज गतिशील छ' वा 'समाज गतिशील छ त, विद्यार्थी राजनीति छ' भन्ने बहसमा भने एउटै निष्कर्षमा पुग्न सक्छौं । एकैछिन मूलधारको राजनीति र विद्यार्थी राजनीतिप्रतिको वितृष्णा बिसाउने हो भने दुवै कोणबाट हेर्दा हामीले विद्यार्थी वा विद्यार्थी राजनीतिको अस्तित्व रहँदा समाज गतिशील भएको कल्पना गर्न सक्दछौं ।

अमेरिकी गृहयुद्धको दौरान तत्कालीन अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले भनेका थिए, 'जनताको, जनताद्वारा र जनताका लागि' । यो विश्वप्रख्यात भनाइ लोकतन्त्रको आधारस्तम्भ बनेको छ । यसै भनाइको मर्म वरपर रहेर मूर्तरूप दिनका निमित्त विद्यार्थी राजनीतिले पहरेदारको भूमिका निभाउन सक्नुपर्छ । उक्त भनाइलाई अनुसरण गर्दै विद्यार्थी राजनीतिलाई कतिपयले 'विद्यार्थीको, विद्यार्थीद्वारा, विद्यार्थीका लागि' भनी परिभाषित गरेको पाइन्छ । यो परिभाषा अपूर्ण छ र यसले विद्यार्थी राजनीतिको सूक्ष्म अंशलाई मात्र प्रतिनिधित्व गर्छ । विद्यार्थी राजनीतिको कुनै सीमित दायरा छैन, कुनै लक्ष्मण रेखाको आधारमा विद्यार्थी राजनीतिको दायरा कोरिएको हुँदैन । विद्यार्थी राजनीतिलाई लक्ष्मणको संज्ञाका रूपमा लिने हो भने विद्यार्थी राजनीति समाजको गतिशीलताको लक्ष्मण रेखा तय गर्ने लक्ष्मण हो । यसो भन्दै गर्दा कुनै रफ्फु भर्न खोजिएको होइन । शक्ति, सत्ता तथा शासनको साङ्लोमा विद्यार्थी राजनीति सदैव प्रतिपक्षी कडी हो । वैश्विक रूपमा हेर्ने हो भने विद्यार्थी राजनीतिको हलचल ११औं शताब्दीमा नै भएको थियो । सन् १०८८ मा इटालीको बोलोग्ना शहरमा प्राध्यापकद्वारा दुर्व्यवहारित विद्यार्थीले 'स्कोलारेस भागंतेस' स्थापना गरे । उक्त अनुचित व्यवहारविरुद्ध आन्दोलित हुँदै अभियान चलाए । फलत: 'युनिभर्सिटी अफ बोलोग्ना' स्थापना भयो । यस विश्वविद्यालयलाई पाश्चात्य समाजको सबैभन्दा पुरानो विश्वविद्यालयको रूपमा चिनिन्छ । ११औं शताब्दीदेखि अहिलेसम्म आइपुग्दा विद्यार्थी राजनीतिले अग्रणी भूमिकासहित विभिन्न सामाजिक, राजनीतिक तथा शैक्षिक मुद्दा उठान गर्दै आएको छ । चाहे त्यो सन् १९८६ मा फिलिपिन्सका तानाशाह राष्ट्रपति मार्कोसको सरकारलाई घुँडा टेकाएर प्रजातान्त्रिक सरकारलाई पुन: ब्युँताएको 'द पिपल रेभोलुशन' होस् या सन् १९८९ मा चेकोस्लोभाकियाको अधिनायकवादी कम्युनिस्ट सरकार ढाली प्रजातान्त्रिक सरकारको सूर्योदय गराएको शान्तिपूर्ण 'भेल्भेट रेभोलुशन' होस्, सामाजिक तथा राजनीतिक व्यवस्था परिवर्तनमा विद्यार्थी राजनीतिले निर्वाह गरेका भूमिकाका फेहरिस्त छन् । नेपालको सन्दर्भमा भन्नु पर्दा, जहानियाँ राणाशासन विरुद्धको अभियान विद्यार्थीले नै गरेका थिए । वि.स. १९९१ मा नेपाली छात्र संघ स्थापनाताका कुनै राजनीतिक दलको स्थापना समेत भइसकेको थिएन । यसैगरी, २००४ साल असार १ गते रानीपोखरी संस्कृत पाठशालामा अध्ययनरत छात्रद्वारा विद्यार्थी हक-अधिकारका लागि र तत्कालीन राणा प्रधानमन्त्री मोहनशमशेरको शेखी झार्न 'जयतु संस्कृतम्' आन्दोलन छेडेका थिए । बीपी कोइराला तथा पुष्पलाल श्रेष्ठहरूले राणाविरुद्ध अभियान सुरु गर्दा विद्यार्थीकै रूपमा संगठित भएका थिए । २००७ सालको क्रान्ति, २०३६ सालको जनमत संग्रह, २०४६ सालको प्रथम जनआन्दोलन तथा २०६२-६३ को दोस्रो जनआन्दोलनमा विद्यार्थी राजनीतिको भूमिका नै थियो । आन्दोलन मात्रै नभई पुरातनवादी सामाजिक चिन्तन र चेतनालाई प्रगतिशील बहस तथा विभिन्न जनचेतनामूलक कार्यक्रम मार्फत नेपाली समाजलाई नवीन दिशोन्मुख विद्यार्थी राजनीतिले नै गराएको हो ।

समावेशिता, लैङ्गिक समानता, जातीय भेदभाव अन्त्य, शिक्षामा समान पहुँच लगायत विषयलाई विद्यार्थी राजनीतिले नै मूलधारमा संस्थागत गराएको हो । २०६२-६३ को कालखण्डपछि विद्यार्थी राजनीति केही छिटपुट अपवाद बाहेक वितृष्णाको जलपले सजिएको छ र विचार शून्यताको शरमले लजाएको छ । यसै क्रममा विद्यार्थी राजनीतिलाई उद्देश्यहीन, केवल ठोक्न-ठोकाउन र टोक्न-टोकाउन प्रयोग गरिने कुनै राजनीतिक दलको कृत्रिम यन्त्र भनिन थालिएको छ । अहिलेको विद्यार्थी राजनीतिलाई विगतको विद्यार्थी राजनीतिले तर्साउन थालिसकेको छ । स्कटिस दार्शनिक कलिंगउडले 'वर्तमानले विगतका घटनालाई निर्धारण गर्छ' भने झैं इतिहास सम्बन्धी ज्ञान इतिहासमा के भयो भन्नेमा मात्र सीमित छैन ।

वर्तमानमा उठेका प्रश्न र सरोकारले इतिहासलाई प्रभाव पारिरहेका छन् र विगतका घटनाप्रतिको बुझाइलाई वर्तमानमा भइरहेका घटनाले पनि परिवर्तित गरिरहेका हुन्छन् । यसर्थ, हामीले अहिलेको विद्यार्थी राजनीतिलाई पुन: लयमा ल्याउन नसकेको खण्डमा र विचलित अवस्थामा नै रहेमा विगतका गौरवपूर्ण उपलब्धिहरू छायाँमा पर्नेछन् । विद्यार्थी राजनीतिलाई ब्युँताउने एउटा मात्र सञ्जीवनी भनेको 'स्वायत्तता र पहरेदारी' नै हो । यसैको आधारमा विद्यार्थी राजनीतिलाई स्वच्छ, स्वस्थ, स्वायत्त र सम्मानित मार्गमा डोऱ्याउन सकिन्छ । विश्वका अन्य राष्ट्रमा पनि राजनीतिक दलका भ्रातृ-विद्यार्थी संगठन हुने गर्छन् । अमेरिकामा हेर्ने हो भने 'कलेज डेमोक्र्याट्स अफ अमेरिका' डेमोक्र्याटिक पार्टीको विद्यार्थी संगठन हो । 'कलेज रिपब्लिकन' रिपब्लिकन पार्टीसँग आबद्ध छ । त्यसरी नै युरोपको सन्दर्भमा भन्नुपर्दा 'योङ युरोपियन सोसलिष्ट' पार्टी अफ युरोपियन सोसलिष्टसँग आबद्ध छ । लोकतान्त्रिक पद्धति अनुरूप उन्नत मानिने राष्ट्रहरूका विद्यार्थी राजनीतिको अभ्यास र नेपालको फरक केवल विद्यार्थी संगठनको स्वायत्ततामा मात्रै छ । त्यहाँ मूल दलको स्वार्थभन्दा माथि उभिएर विद्यार्थीले राजनीतिक गतिविधि गर्छन् तर नेपालमा भने विद्यार्थी संगठनहरू सम्बन्धित दलसँग चुम्बक झैं टाँसिएर बसेका छन् । तर अब विद्यार्थी राजनीतिले नयाँ कोर्स लिन आवश्यक छ । स्वच्छ, स्वस्थ, स्वायत्त र सम्मानित विद्यार्थी राजनीतिको सुरुवात नक्कली भुटानी शरणार्थी प्रकरणबाट नै गर्न सकिन्छ । विद्यार्थी संगठनले दल तथा नेतामुखी नभई निरपेक्ष रूपमा मुद्दालाई केन्द्रमा राखेर भ्रष्टाचारविरोधी अभियान सफल बनाउन सके विद्यार्थी राजनीतिको पुनर्जागरण हुनसक्छ । यसमा हामी सक्छौं पनि । भ्रष्टाचार विरुद्धका वैश्विक विद्यार्थी आन्दोलन सफल भएका नजिरहरू छन् । २०१० को दशकमा अन्तर्राष्ट्रिय जगतमा नै हेर्ने हो भने भ्रष्टाचार विरुद्धको डुङ्गा विद्यार्थी आन्दोलनले नै पार लगाएको छ । सन् २०१८ मा स्लोभाकियाका विद्यार्थी हजारौंको संख्यामा सरकारी भ्रष्टाचार विरुद्ध सडकमा ओर्लिएका थिए । आन्दोलनको नतिजा स्वरूप तत्कालीन प्रधानमन्त्री रोबर्ट फिको र उनको सरकारमा रहेका मन्त्रीले राजीनामा गर्नुपऱ्यो । यसैगरी स्पेनका विद्यार्थीले २०२१ मा भ्रष्टाचार तथा बढ्दो आर्थिक असमानता विरुद्ध आन्दोलन गरेका थिए ।

एशियामा हेर्ने हो भने २०११ मा अन्ना हजारेद्वारा सुरु गरिएको भ्रष्टाचार विरुद्धको अभियानमा विद्यार्थीको उल्लेखनीय उपस्थिति थियो । त्यस क्रममा भ्रष्टाचार विरुद्ध सशक्त कानुन 'जन लोकपाल विधेयक' माग गरिएको थियो । मध्य-पूर्वी एशिया र उत्तरी अफ्रिकाका अधिनायकवादी सरकारलाई पन्छाएको र प्रजातान्त्रिक सुधारलाई स्थापना गरेको 'द अरब स्प्रिङ' आन्दोलनको झिल्को विद्यार्थीले नै सल्काएका हुन् । २००९ मा 'द इरानियन ग्रिन प्रोटेस्ट' इरानी विद्यार्थीले गरेका थिए । यसरी नै २०१२ मा मेक्सिकोको 'द यो सोय १३२' आन्दोलनले बृहत् पारदर्शिता र लोकतान्त्रिक अभ्यासको माग गरेको थियो । भ्रष्टाचार विरुद्ध गरिएका यी आन्दोलनहरू कतिपय सफल भए त कतिपय असफल । नेपालमा भने भ्रष्टाचार जस्तो जगन्य अपराधबारे विद्यार्थी राजनीति सधैं मौन देखिंदै आएको छ ।

वैचारिक रूपमा हेर्ने हो भने विद्यार्थी राजनीति शक्ति र सत्ताको विपरीत ध्रुवमा उभिन्छ । शक्ति सन्तुलनको निगरानी विद्यार्थी राजनीतिको सैद्धान्तिक केन्द्र हो । झट्ट हेर्दा, शक्ति विपरीत उभिने हुँदा विद्यार्थी राजनीतिको चेतना र ऊर्जा अलिक अराजक जस्तो देखिन्छ । तर शक्तिको दुरुपयोग गरिने भ्रष्टाचार विरुद्ध खरो रूपमा विद्यार्थी राजनीति नउत्रिंदा विरोधाभास समेत देखिन पुग्छ । अब विद्यार्थी राजनीतिलाई पुन: ब्युँताउन र गुमेको हुर्मतलाई पुनर्गठनको प्रक्रियामा ल्याउन विद्यार्थी राजनीतिले सैद्धान्तिक आधार गुमाउनुहुँदैन । ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्ने चेष्टा राख्नुपर्दछ । यो जडीबुटी नै सैद्धान्तिक आधार तथा मार्ग गुमाएको विद्यार्थी राजनीतिको लागि सञ्जीवनी साबित हुनेछ । भ्रष्टाचार विरुद्धको अभियान नै विद्यार्थी राजनीतिको सञ्जीवनी हुनेछ । यसर्थ, विद्यार्थी राजनीतिले भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त बनाउन आवश्यक छ ।

*-अनलाइन खबर डटकम*

# भण्डारीले त्यागे पत्रकार महासंघको सदस्यता



**पाल्पा,** जेठ १४/नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व कोषाध्यक्ष शंकर भण्डारीले पत्रकार महासंघको सदस्यता त्याग गरेका छन् । महासंघलाई विशुद्ध पत्रकारहरुको संस्था बनाउने अभियानमा साथ दिने भन्दै भण्डारीले स्वेच्छिक सदस्यता त्यागको घोषणा गरेका हुन् ।

२ दशक लामो पत्रकारिताको यात्राबाट विश्राम लिदै भण्डारीले महासंघको सदस्यको रुपमा नरहेपनि पाल्पाली पत्रकारिता क्षेत्रको विकासका लागि जुनसुकै बेला पनि दरिलो खम्बाको रुपमा उभिने प्रतिवद्धता व्यक्त गरेका छन् । आइतबार नेपाल पत्रकार महासंघका अध्यक्षलाई सम्बोधन गर्दै उनले सदस्यता त्याग गरेको जानकारी गराएका हुन् । पत्रकारिता क्षेत्रसँगै महासंघको कोषाध्यक्षको रुपमा रही संस्थागत विकास र पाल्पाली पत्रकारिताको हकहित र प्रवर्द्धनका लागि जिम्मेवारी पूर्वक काम गरेका भण्डारी पछिल्लो समय पत्रकारितामा कम सक्रिय रहे पनि त्यसयता पत्रकार महासंघको कुनै भूमिकामा रहेनन् । कोषाध्यक्ष जिम्मेवारीमा हुँदा उनले शाखाको भवन निर्माण, कोष व्यवस्थापन, स्थापित पुरस्कारहरुको संस्थागत बनाउने असल अभ्यासको शुभारम्भ गर्ने काममा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । शुरुदेखि नै पत्रकारिता र राजनीति फरक-फरक पाटो भएकाले राजनीतिक नेतृत्वमा रहनेहरुबाट पत्रकार महासंघ अलग रहनुपर्छ भन्ने मान्यता राख्ने भण्डारी दलाली चाप्लुसीमा कहिल्लै विश्वास राखेनन् । फलत: राजनीतिक दलका नेताहरुले बाँडफाँड गर्ने पत्रकार महासंघको कुनै भूमिकामा पनि भण्डारीलाई आवश्यक ठानिएन । तरपनि भण्डारी आम नागरिकको मनमुटुमा बस्न सफल बनिरहे । जीवनको महत्वपूर्ण समय पत्रकारिता क्षेत्रमै बिताएको बताउँदै भण्डारीले पत्रकार महासंघमा पाएको भूमिकाले थप जिम्मेवारी बढाएको उल्लेख गरेका छन् । उनले भनेका छन् 'पत्रकार महासंघमा पाएको भूमिकाले थप जिम्मेवारी बनाएको छ, यसकारण पनि समग्र पाल्पाको पत्रकारिता, नेपाल महासंघ पाल्पा र यहाँ क्रियाशील पत्रकारहरुप्रति मनदेखि श्रद्धा र सम्मान व्यक्त गर्दछु ।' सूचना तथा सञ्चारबाट आफु टाढा रहन नसक्ने भन्दै भण्डारीले औपचारिक रुपमा पत्रकार महासंघको सदस्य नरहे पनि बिगतमा गर्ने सामाजिक कार्यहरु अझ तिब्रताका साथ अगाडि बढाउने बताएका छन् । पत्रकार महासंघमा पत्रकारभन्दा गैरपत्रकारहरूको संख्या बढ्दै गएको र नेतृत्वमा उनीहरू नै हावी हुने गरेको गुनासो बढिरहेका बेला नेपाल पत्रकार महासंघले सदस्यता शुद्धिकरण अभियान सुरू गरेको छ । महासंघको सोही अभियान अन्तर्गत पाल्पा शाखाबाट सदस्यता लिएका तर हाल पत्रकारिता पेसामा नरहेका सदस्यहरूलाई स्वेच्छिक रुपमा सदस्यता त्याग गर्न आग्रह गरिएको थियो । सोही अनुसार अहिले सम्म भण्डारी सहित ३ जनाले सदस्यता त्याग गरेको घोषणा गरेका छन् ।

# कृषकलाई गोलासहित माहुरी उपहार

**गुल्मी,** जेठ १४/गुल्मीको मुसिकोट नगरपालिकामा माहुरीपालक कृषकलाई उपहारस्वरुप मौरीका गोलासहित घार उपलब्ध गराइएको छ । सालिमे मौरी स्मार्ट कृषि गाउँ कार्यक्रम अन्तर्गत मौरी पकेट समूहले ५१ कृषकलाई एक सय दुई थान माहुरीका गोलासहित घार उपलब्ध गराएको हो ।

गत तीन वर्षअघि कृषि ज्ञानकेन्द्रको सहयोगमा 'सालिमे मौरी स्मार्ट कृषि गाउँ' कार्यक्रम लागू भएसँगै त्यहाँका कृषकले व्यावसायिकरुपमा मौरीपालन गर्न सुरु गरेका थिए । वडा नं ८ र ९ मा मौरी स्मार्ट कार्यक्रम लागू भएको थियो । त्यहाँका ५१ कृषक समूहमा आवद्ध भएर व्यावसायिकरुपमा आधुनिक तरिकाबाट मौरीपालनमा जुटेका हुन् । समूहका एक कृषकको घारमा न्यूनतम छ घार मौरी अनिवार्य रुपमा हुनुपर्दछ । छ घार मौरी नभएको व्यक्ति समूहमा आवद्ध हुन पाउँदैन । वरिपरि घना जंगलका बीचमा अग्लो र रापिलो ठाउँ भएका कारण पनि मालारानी माहुरी चरन क्षेत्रका लागि पनि निकै उपयुक्त मानिन्छ । त्यस क्षेत्रका मौरीपालक कृषकहरुलाई व्यावसायिक बनाउँदै उनीहरुको जीवनस्तर माथि उठाउने उद्देश्यले मुसिकोटमा उक्त कार्यक्रम लागू गरिएको उक्त केन्द्रका प्रमुख नवराज भण्डारीले बताए । सो कार्यक्रममार्फत मौरी पकेट समूहमा आवद्ध सदस्यका घरधुरीमा अहिलेसम्म छ सय ५० खाली र तीन सय गोलासहित मौरीका घारहरु कृषहरुलाई नि:शुल्क उपलब्ध गराई सकिएको छ । अन्य व्यवसायभन्दा मौरीपालन व्यवसायबाट चाँडै आम्दानी गर्न सकिने र बजारमा महको माग पनि प्रशस्त हुने भएका कारण पछिल्लो समयमा त्यस क्षेत्रका अन्य कृषक पनि मौरी पालनतर्फ आकर्षित हुँदै गएको मौरी पकेट समूहका अध्यक्ष चुमा घर्ती मगरले बताइन् । उक्त कार्यक्रम अन्तर्गत मौरी पकेट समूहले पहिलो वर्षलाई आधार वर्ष, दोस्रो वर्षलाई मौरी वृद्धि वर्ष, तेस्रो वषलाई मह वर्ष र चौथो वर्ष मौरी निर्यात वर्ष मनाउने गरी काम गर्दै आइएको छ । उक्त समूह यो वर्षलाई मह वर्ष भनेर मह उत्पादनमा केन्द्रित छ । मालारानीको मह विषादीरहित, विभिन्न वनस्पतिजन्य फूलहरुको रसबाट उत्पादित र प्राङ्गारिक भएका कारण पनि बजारमा यहाँको महको माग धेरै हुने गर्दछ । उक्त गाउँमा अहिले छ सयभन्दा बढी मौरीका गोलासहित घारहरु छन् । यहाँको मह प्रतिकिलो एक हजार पाँच सयमा बिक्री हुँदै आएको छ । *-रासस*


# हार्दिक बधाई तथा शुभकामना




रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी पाल्पा शाखाकी एजेन्सी, तानसेन ट्रेड कन्सनकी व्यवस्थापक **गीता कुमारी तिवारी** *रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको (एमडिआरटी) मिलिनियर डोलर राउण्ड टेवल २०२४* को उपाधि प्राप्त गरी कम्पनीबाट सम्मानित हुनुभएकोमा **हार्दिक बधाई** तथा थप सफलताको **शुभकामना** व्यक्त गर्दछौं ।

Reliable Life

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स
पाल्पा शाखा परिवार


खेलकुद समाचार

# काभा भलिबलमा भारत च्याम्पियन



**काठमाडौं,** जेठ १४/एनएससी–काभा अन्तर्राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि भारतले जितेको छ । भारतले आइतबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको फाइनल खेलमा कजाकस्तानलाई हराउँदै उपाधि चुमेको हो ।

एकपक्षीय फाइनल खेलमा भारतले कजाकस्तानलाई ३–० सेटले पराजित गऱ्यो । फाइनल खेलमा भारत २५–१५, २५–२२, २५–१८ अंकले विजयी भयो । प्रतियोगितामा नेपाल तेस्रो भयो । तेस्रो स्थानका लागि आइतबार नै भएको खेलमा नेपालले उज्वेकिस्तानलाई ३–१ सेटले हराएको थियो । नेपाल पहिलो सेटमा २०–२५ अंकले पछाडि परेको थियो । त्यसपछि भने नेपालले खेलका उत्कृष्ट पुनरागमन गरेको थियो । नेपाली टोलीले दोस्रो सेटको नजितलाई २५–१६ अंकले आफ्नो पक्षमा परेको थियो । नेपालले तेस्रो सेट २५–१५ र चौथो सेट २५–१३ अंकले जितेको थियो ।

गत शुक्रबार खेलिएको सेमिफाइनल खेलमा नेपाली टोली कजाकस्तानसँग पराजित भएको थियो । प्रतियोगितामा उज्वेकिस्तानले चौथो स्थान हासिल गऱ्यो । प्रतियोगितामा नेपालसहित ८ टोलीको सहभागिता रहेको थियो । प्रतियोगिता राखेपको विशेष सहयोग र नेपाल भलिबल संघको आयोजनामा भएको हो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५–५२०६०१


कर्पोरेट/अर्थ समाचार

# रिलायबलकी एमडिआरटी प्राप्त तिवारीलाई सम्मान




**पाल्पा,** जेठ १४/रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले (एमडिआरटी) मिलिनियर डोलर राउण्ड टेवलको उपाधि प्राप्त गर्न सफल पाल्पा तानसेनकी गीताकुमारी तिवारीलाई सम्मान गरेको छ । कम्पनीले २०२४ का लागि पाल्पाबाट पहिलो पटक एमडिआरटी उपाधि प्राप्त गरेकी तिवारीलाई तानसेनमा एक औपचारिक कार्यक्रमका बिच सम्मान गरेको हो ।

पाल्पा शाखाको बीमा एजेन्सीको रुपमा काम गर्दै आएकी तिवारीले छोटो समयमै कम्पनीले दिएको तारगेट मिट गरी एमडिआरटीको रुपमा नाम लेखाउन सफल भएकी थिइन् । उनले कम्पनीले दिएको समय सीमाको दुई महिना भित्रै प्रथम बिमा शुल्क ८२ लाख पुरा गरी एमडिआरटी बन्न सफल भएको कम्पनी पाल्पा शाखाका प्रबन्धक सुवास गैरेले बताए । उनका अनुसार २०२४ का लागि पाल्पाबाट एमडिआरटी पाउने तिवारी पहिलो अभिकर्ता हुन् । पाल्पा शाखाले छोटो समयमै एमडिआरटी जन्माउन सफल भएको छ । एमडिआरटी प्राप्त तिवारीले अमेरिकाको बोस्टनमा हुने कार्यक्रमा समेत सहभागिता जनाउन पाउने छिन् । प्रोफेशन बिमा अभिकर्ताहरूको अन्तर्राष्ट्रिय प्लेटफर्म मिलियन जुलार राउण्ड टेवलको ग्लोबल कन्फरेन्स २०२४ अमेरिकाको बोस्टनमा हुन लागेको छ । इमान्दारीता र लगनशीलताको प्रतिफल तिवारीले प्राप्त गरेकोमा पाल्पा शखालाई थप उत्साह मिलेको शाखा प्रबन्धक गैरेले बताए ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई